मिति: २०८३/०७/०८

श्रीमान सम्पादक / प्रकाशक ज्यू,
Birgunjcity.com

विरगंज मिडिया एजेन्सी, विरगंज, पर्सा

**विषय**: खण्डन प्रकाशन गरिदिने बारे ।

महोदय,

उपरोक्त विषयमा मिति २०८३ असोज २३ गते तपाइको लोकप्रिय संचार माध्यम अनलाइन नेपाल मा “ पूर्व स्वास्थ्य अधिकारी सुरेन्द्र चौरसियामाथि अख्तियारको पुन: अनुसन्धान, ८ करोड ५९ लाखअनियमितताको आरोप; छोराको संलग्नता पनि आशंका“ भन्ने समाचार प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । समाचारमा उलेख गरिएका विषयहरु कपोलकल्पित हुदा मानसिक पिडामा छौ । उक्त समाचारले हाम्रो परिवारको चरित्रहत्या भएको छ, समाचार तथ्यपरक नभएको , मनगढंते तथ्यहिन बिचारलाई उल्लेख गरिएका कारण उक्त समाचार तपाइको जस्तो जिम्मेवार संचार माध्यमबाट प्रकाशन हुनु दु:खद विषय हो । प्रकाशन गर्नु पूर्व हाम्रो सामान्य प्रतिक्रिया लिने समेत प्रयास नभई एकतर्फी रुपमा तयार गरिएको समाचारले त अझ दु:खित तुल्याएको छ। सम्मानित श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट बिगतमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका उच्च अधिकारी संगको कार्यालय सम्बन्धित मुद्दामा मलाई समेत संलग्न गरिएको सत्य लुकाउन सकिदैन, उक्त मुद्दामा भएको श्री विशेष आदलतको फैसलालाई म लगायतका साथीहरुले सम्मान गरेपनि, स्वीकार नगरेको अवस्था छ । हामी उक्त निर्णय विरुद्ध श्री सर्बोच्च अदालतमा न्याय प्राप्तिका लागि जाने तयारीमा छौ।

त्यसै गरी हाम्रो परिवारको सदस्यले व्यवसायिक कृषि फार्म संचालन गर्दा सम्बन्धित बैंक को नियमानुसार प्रक्रिया बमोजिमनै ऋण लिएको, सोको सावा ब्याज नियमानुसार बुझाउने गरेको विषय हो। सो विषयमा अनियमितता र अपार्दर्सिता भएको भए सम्बन्धित बैंक मा बुझ्दा हुन्छ। आरोप नै लगाउनका लागि  व्यवसायिक विषय उठान गर्नुमा सत्यता छैन र त्यस्ता विषय उठान गरेर भ्रम सिर्जना गर्ने बाहेक अरु कुनै उपलब्धि हासिल गर्न सकिदैन। सहकारीमा भएको कारोबार पारदर्शी र सहकारी नियमानुसार नै भएका छन। यदि नभएको भए सम्बन्धित सहकारी र सहकारीको नियमन गर्ने निकायबाट छानबिन गर्दा केहि कैफियत देखिएमा कारबाही भोग्न हामी तयार छौ।

त्यसैगरी समाचारमा मनगढंते र बिगतमा पदमा रहदा भएका काम कारबाहीमा छानबिन भैरहेको विषय उठाइएको छ। आज सम्म सो विषय मेरो र हाम्रो परिवारको सदस्यको जानकारीमा छैन। हाम्रो विषयमा भएको काम कारबाहीको जानकारी नभएको विषयलाई नियोजित रुपमा चरित्रहत्या गर्ने किसिमले समाचार प्रकाशन गर्नु तपाई जस्तो जिम्मेवार संचारमाध्यम लाई सुहाउने विषय होइन। यदि बिगतमा विभिन्न पदीय जिम्मेवारीमा रहदा संस्थागत रुपमा गरिएको काम कारबाहीमा कुनै कैफियत देखिएमा सम्बन्धित निकायले जहिले पनि छानबिन गर्न पाउने अधिकार छ । मेरो

एकल निर्णयका आधारमा ति निर्णय र काम कारबाही भएका होइनन् । संस्थागत निर्णय र काम कारबाहीमा यदि कुनै  पनि अनियमिता भएको रहेछ भने अधिकार प्राप्त निकाय जहिले पनि छानबिन गर्न पाउछन् भन्ने यथार्थ बुझ्न जरुरी छ । छानबिन भइ दोषी भएमा कारबाही भोग्न हामी तयार छौ तर छानबिनको हवाला दिएर हाम्रो चरित्रहत्या गर्ने, मानसिक टर्चर दिने कार्य भर्त्सना योग्य रहेको छ। कपोलकल्पित रुपमा मेरो र मेरो परिवारको चरित्र हत्या गर्ने , मानसिक टर्रचर दिने किसिमले समाचारमा गलत विषय प्रकाशन गरिएको हुदा उक्त समाचारको खण्डन प्रकाशन गरी दिनुहुन र आगामी दिनमा हामी संग सम्बन्धित समाचार प्रकाशन गर्नु पूर्व हाम्रो प्रतिक्रिया लिएर मात्र प्रकाशन गर्नुहुन समेत सादर अनुरोध गर्दछौ।

डा. सुरेन्द्र प्र. चौरसिया

राजन चौरसिया